PAN No.: 302625387
Regd. No.: 314953/79/080

Suryakunda Hydro Electric Limited
सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड

च.नं - २१/०८३/०८४

मिति: २०८३/०६/०२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार, काठमाडौं ।

**विषय: २०औं वार्षिक साधारण सभा तथा सो प्रयोजनका लागि शेयर दर्ता किताब बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडको मिति २०८३/०६/०१ गते, अपरान्ह ४:३० बजे बसेको संचालक समितिको बैठक, आ.व. २०८३/०८४, संख्या २ को निर्णयानुसार कम्पनीको आ.व. २०८२/०८३ को २०औं वार्षिक साधारण सभा मिति २०८३ साल असोज २३ गते (तदानुसार 09th October, 2026) दिउँसो ०२:०० बजेबाट देहाय विषयहरुमा छलफल गरी निर्णय गर्न सभा संचालन हुने हुँदा वार्षिक साधारण सभा प्रयोजनका लागि कम्पनीको मिति २०८३ साल असोज १६ गते एक दिनका लागि शेयरको दर्ता किताब बन्द (Book Close) रहने जानकारी अनुरोध छ । साथै यस २०औं वार्षिक साधारण सभाको सुचना मिति २०८३ साल असोज २ गतेको अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिकमा प्रकाशित गरि यसै साथ संलग्न गरि पठाईएको जानकारी अनुरोध छ ।

**२०औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

| | |
|---|---|
| मिति : | २०८३ साल असोज २३ गते शुक्रबार (Friday, October 09, 2026) |
| स्थान : | होटल क्रिष्टल पशुपति, गौशाला, काठमाडौं (Hotel Crystal Pashupati, Gaushala) |
| समय : | दिउँसो ०२:०० बजे देखि (02:00 P.M. Onwards) |

**२०औं वार्षिक साधारण सभाका छलफलका विषयहरु :**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८२/०८३ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व २०८३/०८४ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव**

१) प्रबन्ध संचालकको नियुक्ति तथा पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।

२) कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा कम्पनी अद्यावधिक गर्दा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन आवश्यक थपघट वा परिमार्जन भएमा आवश्यक कार्य गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३) कम्पनीको नियमावलीमा व्यवस्था भएबमोजिम संस्थापक शयेरधनीको तर्फबाट ३ जना र सर्वसाधारण तर्फबाट १ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

४) कम्पनीको नियमावली २३ **मा** आवश्यक संसोधन गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

भवदीय,

सिद्धार्थ शर्मा
कम्पनी सचिव

**बोधार्थ:**

श्री नेपाल धितोपत्र बोर्ड ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड ।
श्री विद्युत नियमन आयोग ।
श्री विद्युत विकास विभाग ।

4th Floor, Trade Tower Nepal, Thapathali-11, Kathmandu, Nepal, Phone: +977-01-5111093
Email: suryakundahydro@gmail.com, Website: www.suryakundahydro.com.np

# सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड
# SURYAKUNDA HYDRO ELECTRIC LIMITED

का.म.न.पा. ११, ट्रेड टावर थापाथली, काठमाण्डौ, फोन नं. ०१-५१११०९३
इमेलः suryakundahydro@gmail.com | वेवसाइटः www.suryakundahydro.com.np

## २०औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०२ गते)**

सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडको मिति २०८३/०६/०१ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको २०औं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि मिति २०८३/०६/२३ गते शुक्रबार बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### २०औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समयः

**मितिः-** २०८३ साल असोज २३ गते शुक्रबार (Friday, October 09, 2026)
**स्थानः-** होटल क्रिष्टल पशुपति, गौशाला, काठमाडौं (Hotel Crystal Pashupati, Gaushala)
**समयः-** दिउँसो ०२:०० बजे देखि (02:00 P.M. Onwards)

### २०औं वार्षिक साधारण सभाका छलफलका विषयहरुः

**क) सामान्य प्रस्तावः**

१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्वन्धमा ।
२) लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८२/०८३ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्वन्धमा ।
३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व २०८३/०८४ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

**ख) विशेष प्रस्तावः**

१) प्रवन्ध संचालकको नियुक्ति तथा पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।
२) कम्पनीको नियमावली २३ मा आवश्यक संसोधन गर्ने सम्बन्धमा ।
३) कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा कम्पनी अद्यावधिक गर्दा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन, आवश्यक थपघट वा परिमार्जन भएमा आवश्यक कार्य गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।
४) कम्पनीको नियमावलीमा व्यवस्था भएबमोजिम संस्थापक शयेरधनीको तर्फबाट ३ जना र सर्वसाधारण शेयरधनीको तर्फवाट १ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

### २०औं वार्षिक साधारण सभा सम्बन्धी जानकारीहरुः

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको प्रमाण पत्र तथा यस कम्पनीमा कायम शेयर विवरण वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ ।
२) शेयरधनीहरुको दरखास्तको लागि शेयरधनी उपस्थिति पुस्तिका दिउँसो १:३० बजेबाट खुल्ला गरिनेछ ।
३) २०औं वार्षिक साधारण सभाको प्रयोजनका लागि मिति २०८३ साल असोज १६ गते एक दिनका लागि शेयरको दर्ता किताव बन्द रहनेछ । मिति २०८३ साल असोज १६ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई तीन कार्य दिनभित्र शेयर दाखेल खारेजका लागि प्राप्त शेयरहरुबाट कायम शेयरधनीहरु मात्र यस आ.व. २०८२/०८३ को यस सभामा भाग लिन योग्य हुनेछन् ।
४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतःबदर हुनेछ ।
५) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लागत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनी शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।
६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहीत हुनेछ ।
७) साधारण सभा सम्बन्धि अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ट्रेड टावर, थापाथली, काठमाण्डौंमा सम्पर्क राखी लिन सकिने छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.suryakundahydro.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

२०८३/०६/०२ अन्नपूर्ण पोस्टमा प्रकाशित